**प्रदेश लोक सेवा आयोग**

**बागमती प्रदेश, हेटौंडा**

प्रशासन तथा अनुगमन शाखा

**सूचना नं. १५३/०८०/८१, मितिः २०८०/०९/१६**

**विज्ञापन रद्द, शैक्षिक योग्यता तोकिएको तथा अन्य आवश्यक कुराहरू सच्याइएको सूचना**

**विज्ञापन रद्द सम्बन्धी सूचना**

आयोगको मिति २०८०/०९/०९ गतेको सूचना नं. १४९/०८०/८१ बमोजिम प्रदेश निजामती सेवा तर्फको वि.नं. १०७/०८०-०८१, शिक्षा सेवा, शिक्षा प्रशासन समूह, गणित उपसमूह, सातौं तह, शिक्षा अधिकृत सातौं वा सो सरह पदको माग पद सङ्ख्या १(एक) को लागि प्रकाशित विज्ञापनका सम्बन्धमा सर्वोच्च अदालतको आदेशले समायोजन संशोधन भई आएकोले उक्त पदको विज्ञापन रद्दका लागि अनुरोध गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प.सं. २०८०/०८१ च.नं. १७६५ मिति २०८०/०९/११ गतेको पत्रानुसार प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २३ बमोजिम आयोगको मिति २०८०/०९/१६ गतेको निर्णयानुसार रद्द गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**नवौं तहको न्यूनतम शैक्षिक योग्यता तोकिएको**

आयोगको मिति २०८०/०९/०९ गतेको सूचना नं. १४४/०८०/८१ मा प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका (अप्राविधिक/प्राविधिक) र स्वास्थ्य सेवाका अधिकृत नवौं तहका पदहरूको आन्तरिक अन्तर सेवाका तपसिल बमोजिमका सेवा, समूह, उपसमूह र पदको न्यूनतम शैक्षिक योग्यता तोक्न छुट भएकोले आयोगको मिति २०८०/०९/१६ गतेको निर्णयानुसार उक्त सेवा, समूह, उपसमूह र पदको न्यूनतम शैक्षिक योग्यता तपसिल बमोजिम तोकिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक न्यूनतम योग्यताः**

**क.** **आन्तरिक अन्तर सेवा तर्फको लागिः** प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८ को उपदफा (८) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९ को उपदफा (८) बमोजिम सेवा अवधि तथा तपसिल बमोजिमको शैक्षिक योग्यता भएको।

**१.** **इन्जिनियरिङ/सिभिल/जनरल/सि.डि.इ. वा सो सरहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा बी.ई. वा सो सरह उत्तीर्ण।

२. **स्वास्थ्य/मेडिसिन/जनरल मेडिसिन/कन्सल्टेन्ट जनरल फिजिसियनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधि प्राप्त गरी जनरल वा इन्टर्नल मेडिसिनमा स्नातकोत्तर वा पोष्ट ग्रयाजुएट डिप्लोमा वा सो सरह।

**<u>नवौं तहको दरखास्त दस्तुर सम्बन्धमा स्पष्ट पारिएको</u>**

आयोगको मिति २०८०/०९/०९ गतेको सूचना नं. १४४/०८०/८१ बमोजिम प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका (अप्राविधिक/प्राविधिक) र स्वास्थ्य सेवाका अधिकृत नवौं तहका पदहरूको आन्तरिक अन्तर सेवा, अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापनको दरखास्त दस्तुर अक्षरमा अन्यथा भएकोमा तपसिल बमोजिम सच्याइएको छ।

क. रु.१,५००|- (एक हजार पाँच सय रुपैंया)

ख. प्रत्येक थप समावेशी समूह/पत्रको लागि रु.७००|- (सात सय रुपैयाँ) थप दस्तुर लाग्नेछ।

**<u>सातौं तहको न्यूनतम शैक्षिक योग्यता तोकिएको</u>**

आयोगको सूचना नं. १४९/०८०/८१ मिति २०८०/०९/०९ गते प्रकाशित विज्ञापनको सूचनामा स्वास्थ्य सेवा, कम्युनिटी नर्सिङ समूह, सातौं तह, कम्युनिटी नर्सिङ अधिकृत पदको खुला तर्फको न्यूनतम शैक्षिक योग्यता तोक्न छुट भएकोले आयोगको मिति २०८०/०९/१६ गतेको निर्णयानुसार उक्त सेवा, समूह, उपसमूह र पदको न्यूनतम शैक्षिक योग्यता तपसिल बमोजिम तोकिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक न्यूनतम योग्यताः**

१. **स्वास्थ्य/कम्युनिटी नर्सिङ/कम्युनिटी नर्सिङ अधिकृतः** मान्यता प्राप्त शिक्षण संस्थाबाट पब्लिक हेल्थ (कम्युनिटी हेल्थ) नर्सिङ विषयमा स्नातकोपाधि प्राप्त।

**<u>नवौं, आठौं र सातौं तहका उम्मेदवारको उमेरको हद, समायोजन पत्र तथा ऐनको दफा/उपदफा सम्बन्धमा स्पष्ट पारिएको</u>**

१. आयोगको सूचना नं.१४४/०८०/८१ बमोजिम प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका (अप्राविधिक/प्राविधिक) र स्वास्थ्य सेवाका अधिकृत नवौं तहका पदहरूको आन्तरिक अन्तर सेवा, अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन तथा सूचना नं.१४९/०८०/८१ बमोजिम प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका (अप्राविधिक/प्राविधिक) र स्वास्थ्य सेवाका अधिकृत सातौं र आठौं तहका पदहरूको अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापनमा उम्मेदवारको उमेरको हदको दोस्रो बुँदामा अन्यथा भएकोमा प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १६ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १८ को प्रतिबन्धात्मक वाक्यांश (१) र (२) बमोजिमको उमेर हद लागू हुनेछ। भनी उम्मेदवारको उमेरको हद सम्बन्धमा सच्याइएको छ।

२. प्रदेश निजामती सेवाका (अप्राविधिक/प्राविधिक) र स्वास्थ्य सेवाका अधिकृत नवौं तहका पदहरूको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना नं.१४१/०८०/८१ तथा प्रदेश निजामती सेवा (अप्राविधिक/प्राविधिक) तथा स्वास्थ्य सेवाका अधिकृत सातौं तहका पदहरूको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना नं.१४६/०८०/८१ मा उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरूको बुँदा (ङ) मा दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू खुलाउनु पर्ने र सो बमोजिम कागजातहरू संलग्न गर्नु पर्ने। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको का.स.मू. पेस गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सोको विवरण र बागमती प्रदेशमा समायोजन भएको पत्र समेत पेस गर्नु पर्ने। भनी समायोजन पत्रका सम्बन्धमा सच्याइएको छ।

३. स्थानीय सेवाका (अप्राविधिक/प्राविधिक) अधिकृत नवौं तहका पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना नं.१४२/०८०/८१ र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना नं.१४३/०८०/८१ मा उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरूको बुँदा क्रमशः (ङ) र (च) मा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९ को उपदफा ९ बमोजिम कार्यक्षमताको मूल्याङ्कन र जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि सम्बन्धित सेवा, समूह वा उपसमूहको एक तह मुनिको पदमा बहाल रहेका बढुवाको लागि आवश्यक न्यूनतम सेवा अवधि र न्यूनतम शैक्षिक योग्यता पूरा गरेका स्थानीय सेवाका कर्मचारीहरू सम्भाव्य उम्मेदवार हुनेछन्।

तर कुनै सेवाको अधिकृतस्तर नवौं तह वा सो भन्दा माथिको पदमा सो सेवा अन्तर्गतका जुनसुकै समूह वा उपसमूहका एक तह मुनिको पदमा बहाल रहेका र बढुवाको लागि आवश्यक न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पूरा गरेका स्थानीय सेवाका कर्मचारीहरू सम्भाव्य उम्मेदवार हुनेछन्। भनी ऐनको दफा र उपदफा सम्बन्धमा सच्याइएको छ।

४. स्थानीय सेवाका (अप्राविधिक/प्राविधिक) र स्वास्थ्य सेवाका अधिकृत सातौं र आठौं तहका पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना नं.१४७/०८०/८१ र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना नं.१४८/०८०/८१ मा उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरूको बुँदा क्रमशः (ङ) र (च) मा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९ को उपदफा ९ बमोजिम कार्यक्षमताको मूल्याङ्कन र जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि सम्बन्धित सेवा, समूह वा उपसमूहको एक तह मुनिको पदमा बहाल रहेका बढुवाको लागि आवश्यक न्यूनतम सेवा अवधि र न्यूनतम शैक्षिक योग्यता पूरा गरेका स्थानीय सेवाका कर्मचारीहरू सम्भाब्य उम्मेदवार हुनेछन्। भनी ऐनको दफा र उपदफा सम्बन्धमा सच्याइएको छ।